# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ माघ ५ गते

## सशस्त्र द्वन्द्व पीडित परिवार र आयोगका अध्यक्ष शर्माबीच भेट

कृष्ण प्रसाद अधिकारी, अर्जुन लामा, मैना सुनुवार र उज्जन कुमार श्रेष्ठका परिवार, आफन्तहरु तथा यातना पीडित जनक राउतले आज राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनूप राज शर्मालाई भेटी न्याय दिलाउन पहल गरिदिन आग्रह गरेका छन् । पीडित परिवारजनले न्याय पाउने आसमा लामो समयदेखि संघर्ष गरेपनि न्याय पाउने अधिकारबाट आफुहरु वञ्चित हुँदै आएको अध्यक्ष समक्ष गुनासो गरेका छन् ।

सो अवसरमा उनीहरुले संक्रमणकालीन न्यायका संयन्त्रहरुको स्थापना भएपनि आफुहरुले ती निकायबाट न्याय प्राप्त गर्ने विश्वासको वातावरण नपाएको भन्दै वेपत्ता पारिएका व्यक्तिहरुको शव उत्खनन् गरेर आफ्नो संस्कृति अनुसार दाह संस्कार गर्न पाउने अधिकारको रक्षा गरिदिन अध्यक्ष शर्मालाई आग्रह गरेका थिए । अदालतले दोषीलाई कारबाही गर्न दिएको आदेशको कार्यान्वयन नहुँदा पीडितले न्यायको अनुभूति गर्न नसकेको हुँदा सोको लागि पहल गरिदिन अध्यक्ष शर्मा समक्ष पीडितहरुको अनुरोध थियो ।

भेटमा अध्यक्ष शर्माले आयोग पीडितहरुको न्याय प्राप्तिको लागि निरन्तर सक्रिय रहेको र संक्रमणकालीन न्यायका संयन्त्रहरुले द्वन्द्व पीडितहरुको न्याय प्राप्तिको दिशामा सहयोग माग गरेको अवस्थामा आयोगले जुनसुकै बेला आवश्यक सहयोग पुऱ्याउन तयार रहेको बताउनुभयो । स्थापना कालदेखि नै आयोग सशस्त्र द्वन्द्व पीडितहरुको मानव अधिकार संरक्षणका लागि क्रियाशील रहँदै आएको हुँदा आयोगले निरन्तर आफ्नो भूमिका निर्वाह गर्ने उहाँले बताउनुभयो । भेटमा मानव अधिकारीकर्मी तथा कानून व्यवसायीहरुको समेत उपस्थिति रहेको थियो ।

मोहना अन्सारी

सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाण्डौं, नेपाल

Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

E-mail: nhrc@nhrcnepal.org, website: www.nhrcnepal.org